**श्री सर्वोच्च अदालत**
**सवारी साधन खरिद सम्बन्धि**
**शिलवन्दि बोलपत्र आह्वानको सूचना**
प्रथम पटक प्रकाशित मिति ०७३।

यस अदालतको लागि आवश्यक भएको तपसिल बमोजिमका सवारी साधनहरु वोलपत्रको माध्यम बाट खरिद गर्नु पर्ने भएकोले **e-bidding /e-submission** समेतको लागि यो सुचना प्रकासित गरिएको छ । देहाय अनुसार इजाजत प्राप्त इच्छुक उत्पादन कर्ता, सोल एजेण्ट तथा डिलर फर्महरुबाट **साधारण वोलपत्र वा e-bidding /e-submission** वाट समेत पेश गर्न सकिने छ ।

१. e-bidding /e-submission को सट्टा साधारण वोलपत्रको माध्यमवाट भाग लिन चाहने वोलपत्रदाताहरुले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३० (तिस) दिनभित्र शुल्क तिरि नगदी रसिद साथ कारोबार दर्ता ,मुल्य अभिवृद्धि कर तथा आयकर दर्ता प्रमाण पत्र, आ.व.०७२।७३ को कर चुक्ता प्रमाणपत्र वा सो अबधिको कर बिबरण पेश गरेको कागजातको प्रतिलिपिहरु समेत राखी निवेदन पेश गरेमा यस अदालतको आर्थिक प्रशासन शाखाबाट वोलपत्र फाराम प्राप्त गर्न सकिने छ । वोलपत्र फारामहरु ३० दिन भित्र खरिद गरि ३१ औं दिनको १२ बजे सम्म दर्ता गरिसक्नु पर्नेछ ।

२. e-bidding /e-submission मा भाग लिने वोलपत्र दाताहरुको लागि यस अदालतले सार्वजनिक खरिद अनुगमन कार्यालयको पोर्टल www.bolpatra.gov.np/ppmo वाट सवारी साधन खरिद सम्बन्धी e-bidding /e-submission को कार्य गरिने छ । उक्त web मा Logon गरि प्राप्त निर्देशन अनुसार इच्छुक वोलपत्रदाताले सवारी साधन खरिद सम्बन्धी वोलपत्रमा भाग लिन सक्ने छ ।

३. कारणवस वोलपत्र विक्रि, दर्ता गर्ने वा खोल्ने दिन विदा परेमा विदापछि अड्डा खुलेको दिनमा क्रमश: सोही समयमा वोलपत्र विक्रि तथा दर्ता वा e-bidding /e-submission समेत कार्य गरिनेछ ।

४. e-bidding /e-submission मा भाग लिने वोलपत्र दाताले को.ले.नि.का.समन्वय कार्यालय बबरमहलको ने.रा.वैंक थापाथली स्थित देहाय अनुसारको राजस्व खातामा सूचनामा उल्लेखित वोलपत्र वापतको रकम तीसौं दिन भित्र दाखिला गरेको भौचर, कारोवार दर्ता, मू.अ.क. तथा आयकर दर्ता प्रमाणपत्र, सप्लाई गरिने सवारी साधन विक्री गर्न सम्बन्धीत निर्माता कम्पनी वाट प्राप्त प्रमाणपत्रहरुको Scanning Copy समेत राखि एकतिसौं दिन दिनको १२ वजे भित्र उल्लेखित Web मा e-submission गरि सक्नु पर्ने छ ।

राजस्व वापत दाखिला गर्नुपर्ने :–

- वैंकको नाम: ने.रा.वैंक , थापाथली
- रकम दाखिला हुने कार्यालयको नाम : सर्वोच्च अदालत
- कार्यालय कोड नं.: २७–२०४–०६
- खाता नं. : क–१–१–९९९
- राजस्व शिर्षक नं.: १४२२७

५. बोलपत्रदाताले दिने सवारी साधनको मूल्य मुल्य अभिवृद्धि कर बाहेकको रकम बोलपत्र फाराममा अंक र अक्षरमा स्पष्ट लेखी बोलपत्र फारमको प्रत्येक पानामा बोलपत्रदाताको पदाधिकारीले सहिछाप गरी आवश्यक कागजात र धरौटी बापत सूचनामा उल्लेखित रकम को.ले.नि.का.समन्वय कार्यालय बबरमहलको नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा रकम जम्मा गरेको बैंक भौचर वा कम्तीमा १२० दिन म्याद भएको यस अदालतको पक्षमा जारी भएको मान्यता प्राप्त बैंकको विड वण्ड (बैंक जमानी पत्र) समेतका आवश्यक कागजपत्रहरुको Web मा Scanning Copy वा सिलवन्दी वोलपत्र साथ पेश गर्नुपर्ने छ । शिलवन्दी खाममा खामको बाहिरपट्टी पाउनेको ठेगानामा श्री सर्वोच्च अदालत, काठमाडौं आ.व. ०७३।७४ को लागि सप्लाइ गर्ने सवारी साधनको व्यहोरा सहित सिलवन्दि खाममा पेश गर्नेको ठेगानामा बोलपत्रदाताको नाम, ठेगाना तथा फोन नं. समेत उल्लेख गर्नु पर्नेछ ।

६ बोलपत्र दाता आधिकारिक सोल एजेण्ट तथा डिलर वोलपत्रदाताका सम्वन्धमा उत्पादनकर्ता वा प्रिन्सिपल कम्पनी आफैले एजेन्सी सम्वन्धि वा डिलरशीप सम्वन्धि आधिकारिक पत्र प्रदान गरेको हुनुपर्नेछ र वोलपत्रसाथ संलग्न गर्नुपर्ने छ । साथै ब्यबसाय दर्ता इजाजत पत्रको प्रति समेत बोलपत्र फाराम साथ संलग्न गरेको हुनुपर्नेछ ।

७ बोलपत्र फाराममा दररेट अंक र अक्षर दुबैमा केरमेट नगरी स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८ साधारण सिलबन्दी वोलपत्र वा e-bidding /e-submission मा भाग लिने वोलपत्र दाताहरुले बोलपत्र साथ आ.ब.२०७२।७३ सम्मको करचुक्ता प्रमाण पत्र वा सो अवधिको कर विवरण पेश गरेको कागजात, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र लगायत वोलपत्र साथ पेश गरिएका सम्बन्धित प्रमाण पत्रहरु संलग्न गर्नुपर्नेछ । e-bidder ले Scanning Copy राख्नु पर्नेछ ।

९ बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको ,प्रस्ताबित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा ब्यबसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा घोषणा पेश गर्नु पर्ने छ ।

१०.रीत नपुगी वा बोलपत्रको सूचनामा निर्धारित समय नाघि पेश हुन आएको वोलपत्र तथा विद्युतिय बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

११.प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्विकार गर्ने सम्पूर्ण अधिकार यस अदालतमा रहनेछ ।

१२.दर्ता भएका बोलपत्रहरुमा बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भएको स्पेशिफिकेशन बमोजिम भए नभएको परिक्षणमा ग्राह्य भएका बोलपत्रहरुबाट मात्र छनोट गरिनेछ ।

१३.बोलपत्रका सर्त र सुचनाहरु राम्रोसंग अध्ययन गरि बोलपत्र फाराम भर्न हुन अनुरोध गरिन्छ ।

१४.यस सुचनामा र बोलपत्र फारामको उल्लेखित सर्तमा कुनै कुरा बाझिन गएमा बोलपत्र फारामको सर्तलाइ मान्यता दिइनेछ ।

१५.वोलपत्रसाथ पेश गरिने कागजातहरु सक्कलै प्रति वा प्रतिलिपि भएमा नोटरी पव्लिकवाट प्रमाणित गरी सिलबन्दी वोलपत्र साथ पेश गर्नुपर्ने छ । e-bidding /e-submission मा भाग लिने वोलपत्रदाताहरुले वोलपत्र खोल्ने समयमा पेश गरिएको कागजपत्रहरुको सक्कल प्रती वा नोटरी वाट प्रमाणीत प्रति लिई आउनु पर्ने छ ।

१६.यस सम्बन्धी थप बुझ्नु परेमा यस अदालतको आर्थिक प्रशासन शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ । अन्य कुराहरु सार्बजनिक खरिद ऐन २०६३ र सार्बजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

**तपशिल**

| सुचना नं | सप्लाइ गर्नु पर्ने सामान | संख्या | वोलपत्र फारम दस्तुर | न्यूनतम जमानत रु. | कैफियत |
|---|---|---|---|---|---|
| १३ । २०७३/७४ | Four Wheel Drive Jeep | ७ | ३०००।०० | ८७५०००।०० | E=Bidding समेत |